नेपाल सरकार

**भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

सिंहदरबार, काठमाडौं

पत्र संख्या:- ८०८२/८३

चलानी नं.:- ३४५

मितिः २०८३/३/१८

श्री सङ्घीय मन्त्रालय/आयोग/सचिवालय/निकाय (सबै)

श्री प्रदेश सरकार/स्थानीय तह (सबै)

विषयः अनलाइन तालिम मोड्युलहरू विकास तथा सञ्चालन सम्बन्धमा।

सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी, सेवाग्राहीमैत्री तथा प्रविधिमैत्री बनाउन सेवा प्रदायक निकायमा कार्यरत कर्मचारीहरूको निरन्तर क्षमता अभिवृद्धि गर्न आवश्यक रहेको छ। यसै सन्दर्भमा, नेपाल सरकारको मिति २०८२ चैत १३ गते जारी भएको १०० बुँदे शासकीय सुधारका क्रियाकलापअन्तर्गत बुँदा नं. २२ मा सेवा प्रदायक निकायहरूका फ्रन्ट डेस्कमा कार्यरत कर्मचारीहरूलाई सेवा प्रवाह प्रभावकारी बनाउने विषयलाई लक्षित गरी क्षमता अभिवृद्धिसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने व्यवस्था रहेको व्यहोरा अवगत नै छ।

तालिम प्रदायक निकायहरूबाट सञ्चालन हुने यस प्रकारका कार्यक्रमहरूमा कर्मचारीलाई भौतिक रूपमा उपस्थित गराउँदा ठूलो बजेट आवश्यक पर्ने, नियमित सेवा प्रवाहमा बाधा पर्न सक्ने, कानुनी प्रक्रिया र कार्यविधिमा हुने सामयिक संशोधनका विषयहरू अद्यावधिक नहुने अवस्थाले तालिम कार्यक्रम लागत-प्रभावी नहुने देखिएको छ। अर्कोतर्फ, कर्मचारीको नियमित सरुवाका कारण तालिम प्राप्त जनशक्ति अन्य निकायमा सरुवा हुँदा तालिमको औचित्यमाथि नै प्रश्न उठ्ने गरेको छ।

यसर्थ, तहाँ निकाय वा अन्तर्गतका निकायबाट प्रदान गरिने सेवासँग सम्बन्धित **कार्यप्रक्रिया, आवश्यक कागजात, सेवा प्रदान गर्न लाग्ने समय, सम्बन्धित कानुनी तथा नीतिगत व्यवस्था, सेवाग्राहीले बारम्बार सोध्ने प्रश्नहरू (*Frequently Asked Questions–FAQs*), सेवा प्रवाहका मापदण्ड तथा व्यवहारिक उदाहरणहरू** समेटिएका डिजिटल तालिम सामग्री (Digital Learning Contents) तथा ई-लर्निङ मोड्युलहरू तयार गरी नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान वा आ-आफ्नो सेवा विशिष्टिकृत तालिम प्रदायक निकाय सँग आवश्यक समन्वय गरी आधिकारिक वेबसाइटमार्फत सेवामा कार्यरत इच्छुक कर्मचारीहरूलाई अनलाइन प्रणालीबाट नै स्वःसिकाइ गर्ने गरी **तालिम पाठ्यक्रम, सोसँग सम्बन्धित सामग्रीहरू, मूल्याङ्कन तथा प्रमाणीकरण प्रणाली** विकास गरी प्रत्यक्ष सेवा प्रवाहमा संलग्न जनशक्तिको क्षमता विकाससम्बन्धी आवश्यक व्यवस्था मिलाउनु हुन अनुरोध छ।

साथै, उक्त ई-लर्निङ मोड्युलहरू अध्ययन गर्न इच्छुक कर्मचारी तथा अन्य व्यक्तिहरूले अनलाइन प्रणालीमार्फत लगइन गरी स्वःअध्ययन गर्न सक्ने, मोड्युल सम्पन्न भएपछि अनलाइन मूल्याङ्कन (Online Assessment/Test) मा सहभागी हुन सक्ने तथा निर्धारित मापदण्ड पूरा गरेपछि स्वचालित रूपमा डिजिटल प्रमाणपत्र (Digital Certificate) प्राप्त गर्न सक्ने व्यवस्था समेत विकास गरी कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाउनु हुन मिति २०८३/३/१८ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ।

शाखा अधिकृत
(नमराज वाग्ले)

*सादर अवगतार्थः*

माननीय मन्त्रीज्यूको निजि सचिवालय।

*बोधार्थ/ कार्यार्थः*

श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल ललितपुर।

श्री स्थानीय तह समन्वय शाखाः सबै स्थानीय तहमा समन्वय गरीदिनु हुन।

श्री सूचना प्रविधि शाखाः वेबसाइटमा अपलोड गरिदिनु हुन।